## कार्यपालिका वैठक नं. ९ आ.व.२०८२- ०८३ (२०८३/०१/१६)

आज मिति २०८३/०१/१६ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विकास चन्द्र शर्मा | |
| १६ | ग्रा. सदस्य | मनोज कुमार श्रेष्ठ | |
| १७ | " | शोभा वि.क. | |
| १८ | " | टंक कुमारी सिंजाली | |
| १९ | " | मिनशोभा गुरुङ | |
| २० | " | कुल बहादुर गुरुङ | |
| २१. | " | अपेक्षा श्रेष्ठ, प्रशा. सहायक | |
| २२. | " | विमला ढकाल | |

**कार्यपालिका वैठक नं. ९ आ.व.२०८२- ०८३ (२०८३/०१/१६) का प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा ।

२. भूमी सेवा सञ्चालन सम्बन्धमा ।

३. शिक्षक सरुवा सम्बन्धमा ।

४. कक्षा थप सम्बन्धमा ।

५. कर्मचारी अध्ययन विदा सम्बन्धमा ।

६. श्रोत अनुमान तथा सीमा निर्धारण समितीको प्रस्ताव सम्बन्धमा ।

७. स्थानीय उद्धम विकास समिति गठन सम्बन्धमा ।

८. भुक्तानी सम्बन्धमा ।

९. विपद व्यवस्थापन सम्बन्धमा ।

१०. विविध सम्बन्धमा ।

क. अतिरिक्त सेवा सुविधा सम्बन्धमा ।

ख. भोगचलन अनुमती प्रदान गर्ने सम्बन्धमा ।

ग. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।

घ. आँबुखैरेनी अस्पतालको मे.सु.को जिम्मेवारी सम्बन्धमा ।

ङ. दैनिक ज्यालादारी कर्मचारी करार म्याद थप सम्बन्धमा ।

Scanned with CamScanner

**कार्यपालिका बैठक नं. ९ आ.व.२०८२- ०८३ (२०८३/०१/१६) का निर्णयहरु:**

**१. समीक्षा सम्बन्धमा ।**

क) अघिल्लो कार्यपालिका बैठकबाट गरीएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु शाखाहरु आँबुखैरेनी अस्पताल स्वास्थ्य सँस्थाहरुबाट पेश हुन आएका चैत्र महिनाको प्रगति प्रतिवेदन उपर छलफल गरी गाउँपालिकाको वेभसाईट र प्रवक्ता मार्फत सार्वजनिक गर्ने निर्णय गरीयो

ग) प्रमुख प्रशासकिय अधिकृत ज्यूले पेश गर्नुभएको कार्यालयको चैत्र महिनाको आम्दानी र खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरी गाउँपालिकाको वेभसाईट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

घ) यस आँबुखैरेनी गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु शाखाहरु आँबुखैरेनी अस्पताल स्वास्थ्य सँस्थाहरुबाट पेश हुन आएका यस आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिमा सम्पन्न भएका योजना कार्यक्रम तथा सेवा प्रवाह सम्बन्धमा समीक्षा गरीयो र यहि महिनाको २५ गते गाउँपालिकाको सभाहलमा तेस्रो त्रैमासिक प्रगति समीक्षा कार्यक्रम आयोजना गर्ने निर्णय गरीयो ।

**२. भूमी सेवा सञ्चालन सम्बन्धमा ।**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिँहदरबार काठमाण्डौले मिति २०८३/०१/१० मा जारी गरेको सुचना बमोजिम भुमि सुधार/ मालपोत कार्यालय र नापी कार्यालयहरुबाट प्रवाह हुँदै आएका सेवाहरु नेपालको संवैधानिक प्रावधान अनुसार आवश्यक जनशक्ति र पुर्वाधारहरुको व्यवस्था आफैले गर्ने गरी आँबुखैरेनी गाउँपालिकाको कार्यालयबाट प्रदान गर्नको आँबुखैरेनी गाउँपालिका तैयार तथा इच्छुक रहेको हुँदा आवश्यक प्रक्रिया तथा अनुमतिको लागि भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सिँहदरबार काठमाण्डौलाई पत्र पठाउने निर्णय गरियो ।

**३. शिक्षक सरुवा सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिका वडा नं.६ स्थित कन्यादेवी माध्यमिक विद्यालयमा प्राथमिक तह तृत्तीय श्रेणीमा कार्यरत स्थायी शिक्षक मिना भण्डारी खत्री (कर्मचारी संकेत नं.२९४५९८) विद्यालयको आवश्यक्ता अनुसार अन्नपूर्ण आधारभुत विद्यालय आँबुखैरेनी-२ मा सरुवा गर्ने निर्णय गरीयो ।

ख) ) यस आँबुखैरेनी गाउँपालिका वडा नं.४ स्थित छिम्केश्वरी माध्यमिक विद्यालयमा प्राथमिक तह तृत्तीय श्रेणीमा कार्यरत स्थायी शिक्षक काशीनाथ देवकोटा (कर्मचारी संकेत नं.१७८९७७) विद्यालयको आवश्यक्ता अनुसार रामशाह माध्यमिक विद्यालय आँबुखैरेनी-३ मा सरुवा गर्ने निर्णय गरीयो ।

**४. कक्षा थप सम्बन्धमा ।**

आँबुखैरेनी गाउँपालिका वडा नं.५ स्थित श्री जलदेवी आधारभुत विद्यालयको निवेदन तथा गाउँ शिक्षा समितीको मिति २०८२/१२/०३ गतेको सिफारिस बमोजिम जलदेवी आधारभुत विद्यालयमा कक्षा ७ थपका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**५. कर्मचारी अध्ययन विदा सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका तनहुँ अन्तर्गत स्वास्थ्य सेवा हे.ई.समुह ज.स्वा.नी.पद अधिकृत छैटौ तहमा कार्यरत श्री मुकेश कुमार साह (कर्मचारी संकेत नं.२१६७९७) Thailand सरकार बाट नेपाल सरकारलाई प्राप्त Thailand International Postgraduate Programme (TIPP) 2026 छात्रवृत्ति अन्तर्गत Chiang Mai Unicersity, Thailand मा Master of Public Health in Global Health and One Health विषयमा स्नातकोत्तर अध्ययनको लागि छनौट भएको हुँदा गण्डकी प्रदेश (स्थानीय सेवा गठन तथा सञ्चालन) नियमावली २०८० को नियम १११ (१,३,४,६,७) बमोजिम बिदा स्वीकृत हुने गरी सो नियमावलीको नियम ९१, ९२ बमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**७. स्थानीय उद्य विकास समिति गठन सम्बन्धमा।**

गरिबी निवारणका लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२ को दफा ३६ बमोजिम यस आँबुखैरेनी गाउँपालिकाको उद्यम विकास समिति तपशिल बमोजिम गठन गर्ने निर्णय गरियो।

तपशिल

संयोजक - श्री शुक्र चुमान, अध्यक्ष- आँबुखैरेनी गाउँपालिका - तनहुँ।

सदस्य - श्री गंगा वि.क., सदस्य- आर्थिक विकास समिति, आँबुखैरेनी गाउँपालिका-तनहुँ।

सदस्य - श्री विकाश चन्द्र शर्मा - प्रमुख प्रशासकिय अधिकृत, आँबुखैरेनी गाउँपालिका-तनहुँ।

सदस्य - श्री शुसिला नेपाली, कार्यपालिका सदस्य, आँबुखैरेनी गाउँपालिका-तनहुँ।

सदस्य - श्री गौरी थापा, सदस्य - सरल लघु उद्यमी महिला समुह- आँबुखैरेनी-३ तनहुँ।

सदस्य - श्री खगराज गौली, अध्यक्ष- उद्धोग वाणिज्य संघ- आँबुखैरेनी बरादी बजार इकाई।

सदस्य सचिव - श्री सन्तोष के.सि.,कृषि अधिकृत- आँबुखैरेनी गाउँपालिका-तनहुँ।

**८. भुक्तानी सम्बन्धमा।**

**क)** आँबुखैरेनी गाउँपालिकाको पुर्व स्वीकृती बमोजिम मानसिक स्वास्थ्य सुधारका लागि विकाशानन्द फाउण्डेशन विश्व परिवार द्वारा यहि मिति २०८२/१२/११ मा आँबुखैरेनी -३ फुटसलमा पदयात्रा तथा ज्ञान योग कार्यक्रम सम्पन्न गरेको हुँदा उक्ता कार्यक्रम बापत गाउँकार्यपालिकाको स्वीकृत अन्य सँस्था सहायता खर्च शिर्षकबाट खर्च हुनेगरी जम्मा रु ३०,०००/- (अक्षररुपी तिस हजार रुपैँया मात्र) सहयोग स्वरुप भुक्तानी उपलब्ध गराउने निर्णय गरीयो।

**९. विपद व्यवस्थापन सम्बन्धमा।**

क) यस आँबुखैरेनी गाउँपालिका वडा नं.१ मा अवस्थित श्री मिलिजुली कृषि उत्पादक सहकारी संस्था लि.को परिसर भित्र रहेको सुखौरा फाँटको कुलो अव्यवस्थित भई एकातिर सिँचाई अभाव र अर्को तर्फ सँस्था डुबानमा पर्ने जोखिममा रहेको हुँदा उक्त कुलो व्यवस्थापन गर्नको लागि प्राविधिक स्टिमेट बमोजिमको ह्युम पाईप गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी हुनेगरी उपलब्ध गराउने निर्णय गरियो।

ख) यहि चैत्र महिनामा गएको हावाहुरी र असिनापानीले यस गाउँपालिका भित्रका विभिन्न सार्वजनिक तथा निजी घर टहरा गोठ भवन आदी क्षतिग्रस्त भएको पशुपंक्षी तथा चौपायाहरु मरी क्षति भएकोले प्रहरी मुचुल्का सहित राहतको लागि पेश भएको निवेदनहरु उपर छलफल गरी क्षतिको राहत तथा व्यवस्थापनको लागि गाउँपालिका कार्यालयसँग बजेट अभाव भएको र क्षति धेरै भएको हुँदा राहत तथा व्यवस्थापनको लागि सम्बन्धित कार्यालयहरुलाई सिफारिस गरी पठाउने निर्ण गरियो।

ग) २०८१/०३/२६ गतेको अविरल वर्षा पछि आएको लेदो सहितको पहिरोले आँबुखैरेनी गाउँपालिका वडा नं.४ अक्लाङ निवासी बुम बहादुर भुजेलको नाममा रहेको नक्सा नं. ८/क कित्ता नं.१३ क्षेत्रफल ३-९-३-१ मा रहेको कृषि योग्य जमिन १ वर्षदेखि पूर्ण रुपमा पुरिएर क्षति भएको हुँदा उक्त पहिरो हटाई खेतीयोग्य जमिन निर्माण गर्नको लागि आवश्यक पर्ने उद्धार सामग्री (ठेलागाडा १ थान, साबेल २ थान, गैटी २ थान, गल १ थान, घन ७ के.जि.को २ थान) गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी हुनेगरी तपशिल बमोजिम उपलब्ध गराउने निर्णय गरीयो।

घ) २०७९ सालदेखि हालसम्म छिम्केश्वरी पर्यटन सडक निर्माण कार्यको क्रममा वर्षा पश्चात आउने गरेको लेदो तथा पहिरोले पुरीई आँबुखैरेनी गाउँपालिका वडा नं. ४ अक्लाङ निवासी कृषकहरुले खेती गरेको वालीहरुमा आंशिक तथा पूर्ण रुपमा क्षति भएको र पटक पटकको पहिरोको कारण खेतीयोग्य जमिन बाँझो हुँदै गएको हुँदा उक्त कृषकहरुको माग बमोजिम सो जमिनमा फलफुल तथा मसलाबाली खेती गर्नका लागि राहत स्वरुप गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन खर्च शिर्षकबाट खर्च हुनेगरी विरुवाहरु उपलब्ध गराउने निर्णय गरीयो र सो को लागि जम्मा रु.१,००,०००/-(अक्षररुपी एक लाख रुपैँया मात्र।) विनियोजन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

ङ) यहि मिति २०८२/१२/०१ र २ गतेको हावाहुरी सहितको असिनापानीको कारण आँबुखैरेनी गाउँपालिका वडा नं. २ स्थित तीन दोभान कृषक समूह र रोदीखोला कृषक समुहका कृषकहरुद्वारा खेती गरीएको सुन्तला बालीमा क्षति पुर्याएको हुँदा उक्त कृषकहरुको माग बमोजिम राहत स्वरुप गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी हुनेगरी सुन्तलाको २००० वटा बिजु विरुवा उपलब्ध गराउने निर्णय गरियो।

च) यस आँबुखैरेनी गाउँपालिका वडा नं.२ पौवा/कुसुमबारी खानेपानीको मुहानमा वर्षाको कारण पहिरो आई मुहान पुरीएकोले सोबाट ४० घरपरिवार खानेपानी सेवाबाट बञ्चित भएको हुँदा पहिरो हटाउने र मुहान मर्मतको लागि आवश्यक बजेट विनियोजन गरी खानेपानी व्यवस्थापन गरिदिन भनि पेश भएको निवेदन उपर छलफल गरी निवेदन बमोजिम खानेपानी व्यवस्थापनको लागि गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी दिनेगरी जम्मा रु.१,००,०००/-(अक्षररुपी एक लाख रुपैँया मात्र ।) विनियोजन गर्ने निर्णय गरियो।

छ) आँबुखैरेनी गाउँपालिकाको पर्यटकीय स्थल ऐना पहराको पार्कीङ क्षेत्रमा वर्षाको कारण आएको पहिरोले गर्दा घुम्न आउने पर्यटकहरुको पार्कीङ व्यवस्थित नभएको साथै सो को कारण पृथ्वी राजमार्ग समेत जाम हुने र सडक दुर्घटनाको जोखिम भएको हुँदा उक्त पहिरो सरसफाई गरी पार्कीङ व्यवस्थीत र जोखिम नियन्त्रण गर्नको लागि गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी हुनेगरी प्राविधिक स्टीमेट बमोजिमको जम्मा रकम रु.२,४३,२६६/-/-(अक्षररुपी दुई लाख त्रिचालीस हजार दुई सय छैंसट्ठी रुपैँया मात्र ।) विनियोजन गर्ने निर्णय गरियो।

**१०. विविध सम्बन्धमा।**

**क. अतिरिक्त सेवा सुविधा सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिकाद्वारा सञ्चालित आँबुखैरेनी अस्पतालमा O.T. सहायक पदमा कार्यरत कर्मचारी श्रवण बुढाथोकी अस्पतालको आवश्यक्ता बमोजिम सेवा प्रवाहको लागि जुनसुकै समयमा पनि अस्पतालमा खटिनुपर्ने भएको हुँदा निजलाई सेवा प्रवाह गर्न सहजताको लागि पारिश्रमिक बाहेक अतिरिक्त भत्ता स्वरुफ मासिक रु ८०००/- (अक्षररुपी आठ हजार रुपैँया मात्र ।) यहि आर्थिक वर्षको असोज महिनादेखि लागु हुनेगरी उपलब्ध गराउने निर्णय गरीयो।

**ख. भोगचलन अनुमती प्रदान गर्ने सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं.१ सत्रसत्रफाँटमा तत्कालीन शिशु स्याहार प्रयोजनार्थ स्टीचीङ रेनुका नेपाल ले निर्माण गरी प्रयोग गरेको भवन हाल लामो समय सम्म प्रयोगविहीन अवस्थामा रहेकोमा उक्त भवन मर्मत गरी उद्योग वाणिज्य संघ सत्रसय बरादी बजार इकाईको कामकाज तथा कार्यालय प्रयोजनको लागी प्रयोग गर्न अनुमती दिन भनि पेश भएको निवेदन उपर छलफल गरी उक्त भवन सार्वजनिक स्थलमा निर्माण भएको र संरक्षण गर्ने जिम्मेवारी गाउँपालिका कार्यालय रहेको हुँदा अर्को निर्णय नभईन्जेल सम्मको लागी आफ्नै लागतमा भवन मर्मत गरी प्रयोग गर्नको लागि उद्योग वाणिज्य संघ सत्रसय बरादी बजार इकाईलाइ अनुमती दिने निर्णय गरीयो।

**ग. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं.१ स्थित रहेको गाउँपालिकाको पर्यटकीय एवं धार्मिक स्थल आँधिमुल मन्दीर परिसरमा पालिकाद्वारा निर्माण गरिएको बगैचा गोडमेल तथा संरक्षण कार्यको लागी गाउँकार्यपालिकाको स्वीकृत राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी हुनेगरी जम्मा रु.१,७२,०००/- (अक्षररुपी एक लाख बहत्तर हजार रुपैँया मात्र ।) विनियोजन गर्ने निर्णय गरियो।

**घ) आँबुखैरेनी अस्पतालको मे.सु.को जिम्मेवारी सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिकाद्वारा सञ्चालित आँबुखैरेनी अस्पतालमा कार्यरत हाडजोर्नी तथा नशारोग विशेषज्ञ डा.राजकुमार शाहलाई जिम्मेवारी प्रदान गर्ने भनि २०८३/०१/०९ को आँबुखैरेनी अस्पताल व्यवस्थापन समितिले निर्णय गरि स्वीकृतीको लागि पेश भएको प्रस्ताव उपर छलफल गरी सोही निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

**ङ) दैनिक ज्यालादारी कर्मचारी करार म्याद थप सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं.६ को वडा सेवा केन्द्र प्युघर तथा गाउँपालिकाद्वारा सञ्चालित पालिकाको पर्यटकीय स्थल ऐनापहरा क्षेत्रमा टिकट काउन्टर सरसफाई तथा सुरक्षा व्यवस्थापनका लागि तपशिलका कर्मचारीहरुलाई दैनिक ज्यालादारी सेवामा कामकाज गराउँदै आईरहेकोमा निज कर्मचारीहरुको स्थानमा अर्को व्यवस्था नभएको र निजहरुको कार्यसम्पादन सन्तोषजनक रहेको हुँदा अर्को व्यवस्था नभईन्जेल सम्मको लागि २०८३ बैसाख १ गतेदेखि लागु हुनेगरी असार मशान्त सम्म ३ महिना तपशिलका सोहि कर्मचारीहरुलाई दैनिक ज्यालादारी सेवामा साविककै पद तथा सेवा सुविधा उपलब्ध गराई कामकाज गराउने निर्णय गरियो।

**तपिशलः**

| क्र.सं. | नामथर | पद | सेवा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १. | रचना प्रधान | कम्प्युटर अपरेटर | मासिक रु.२००००/- | ऐनापहरा पर्यटन स्थल |
| २. | सुशिला गुरुङ | कम्प्युटर अपरेटर | | ऐनापहरा पर्यटन स्थल |
| ३. | सुर्य बहादुर वि.क. | चौकिदार | २७००० | ऐनापहरा पर्यटन स्थल |
| ४. | राधा कुँवर | का.स./सरसफाईकर्मी | २०००० | ऐनापहरा पर्यटन स्थल |
| ५. | टिका गुरुङ | का.स./सरसफाईकर्मी | १८००० | ६ नं.वडा सेवा केन्द्र प्युघर |

Scanned with CamScanner